# स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा लैङ्गिक चेतना

# Gender Awareness in Postgraduate Level Nepali Curriculum

रजनी ढकाल[१]

[१]सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, नेपाल ।

**Email:**
rajani.dhakal@cdn.tu.edu.np

प्रकाशन : २०७९, मङ्सिर
Published: 2022 December
Doi:https://doi.org/10.3126/bns.v26i1.61465

CC BY NC

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0

© 2022 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://www.cerid.tu.edu.np

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेख स्नातकोत्तर तह मानविकी सङ्कायको नेपाली विषयको पाठ्यक्रममा रहेका रचनामा लैङ्गिक चेतनाको विश्लेषणमा केन्द्रित छ । बदलिँदो सामाजिक मूल्यमान्यता अनुसार पाठ्यक्रममा लैङ्गिक संवेदना र त्यसको चेतनाको पाटो महत्त्वपूर्ण रहेको छ । प्रस्तुत अध्ययनमा स्नातकोत्तर तहको नेपाली विषयमा चयन गरिएका रचनामा रहेको लैङ्गिक चेतनाको अवस्थालाई लैङ्गिकताको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा आधुनिक नेपाली साहित्यका आख्यान, नाटक र कविताकाव्यका पाठ्यक्रममा समाविष्ट रचनाहरूको लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक प्रतिरोधी चेतनाका पक्षबाट अध्ययन गर्दा पाठ्यसामग्रीको गहन पठनबाट प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ । स्नातकोत्तर तह नेपाली विषयको पाठ्यक्रमको विश्लेषणका क्रममा यसमा लैङ्गिक प्रतिनिधित्व र समताको अवस्था, महिला र पुरुषले निर्वाह गर्ने परम्परागत भूमिका, लैङ्गिक उत्पीडनका विरुद्धको प्रतिरोध तथा सामाजिक न्यायका दृष्टिले पाठ्यक्रममा रहेका पाठहरूको लैङ्गिक विश्लेषण गरिएको छ । पाठहरूको विश्लेषणको आधारलाई व्यवस्थित गर्न पाठको तालिकीकरण गरी उक्त तालिकाका आधारमा पाठ्यक्रमका विधाहरूको पाठपरक र विषयवस्तुपरक विश्लेषण गरिएको छ । यस आधारमा स्नातकोत्तर तहको नेपाली पाठ्यक्रममा प्रतिनिधित्व, सन्तुलन र समन्वयका दृष्टिले बढी मात्रामा पुरुषपक्षीय भएको निष्कर्ष प्रस्तुत गरिएको छ । गुणात्मक ढाँचा अवलम्बन गरिएको यस अनुसन्धानमा लैङ्गिक संवेदना र पाठ्यक्रम तथा पाठ्यक्रमा रहेका पाठमा लैङ्गिक सन्तुलनको पक्ष समावेशी हुन नसकेको निष्कर्ष समेत प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

***शब्दकुञ्जी :*** लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक प्रतिरोध, लैङ्गिक विभेद, लैङ्गिक समता, सामाजिक न्याय

**How to cite this article (APA)**

**English :** Dhakal, R. (2022). Gender awareness in postgraduate level Nepali curriculum, *Bikashko Nimti, Shiksha. 26*(1), 131-150. https://doi.org/10.3126/bns.v26i1.61465

**नेपाली :** ढकाल, रजनी (२०७९), स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा लैङ्गिक चेतना, *विकासको निम्ति शिक्षा, २६*(१), १३१–१५० । https://doi.org/10.3126/bns.v26i1.61465

**Abstract**

This research article focuses on the analysis of gender awareness in the composition of the postgraduate level curriculum of Nepali subject in the Faculty of Humanities and Social Sciences. According to the changing social values, gender sensitivity and its awareness are important in the curriculum. In this study, the status of gender consciousness in the selected works in the Nepali curriculum/ contents prescribed of the Master's Degree has been analyzed on the theoretical assumptions of gender.The state of gender awareness in the modern Nepali literature on this topic has been studied based on the theoretical assumptions of gender. In this study, the gender representation of works within the curriculum of modern Nepali literature, including narratives, dramas, and poetry, along with gender resistance consciousness, has been examined. The material obtained from the intensive reading of textbooks was analyzed using the analytical method. During the analysis of the postgraduate-level Nepali subject curriculum, this study examined gender representation, the state of equality, traditional roles performed by women and men, resistance against gender oppression, and social justice. To organize the foundation of the textual analysis, genres of the courses were subjected to both textual and thematic analyses, using tabulation as a tool. Consequently, the conclusion was drawn that postgraduate Nepali courses exhibit a bias towards male representation, lacking balance and coordination. Within the qualitative framework of this research, it was also found that gender sensitivity and the aspect of gender balance were not incorporated into the curriculum.

***Keywords:*** gender representation, gender resistance, gender discrimination, gender equality, social justice

## परिचय

पाठ्यक्रममा लैङ्गिक चेतना भन्नाले पुरुष र महिलाको उपस्थिति बुझिन्छ । पाठ्यक्रममा रहेका पाठका सर्जक पुरुष वा महिला तथा पाठ्यक्रमभित्र रहेका पाठको विषयको केन्द्रमा रहेको महिला पुरुष विषयको सन्तुलित प्रस्तुति आदि पक्ष नै पाठ्यक्रममा रहेको लैङ्गिक प्रस्तुतिको विषय हो । पाठ्यक्रमको औपचारिक तथा अनौपचारिक दुवै पक्षमा लैङ्गिक सन्तुलन जरुरी हुन्छ । यस्तो सन्तुलन पाठ्यक्रममको उद्देश्य, विषयवस्तु, स्रोत र मूल्याङ्कन सबैमा हुनुपर्दछ । औपचारिक पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनको स्पष्ट व्यवस्था गरिएको हुन्छ भने अदृश्य वा अनौपचारिक पाठ्यक्रममा मूल्य, विश्वास, धारणा, व्यवहार लगायतका विषयलाई सिकाइ प्रक्रियामा समावेश गरिएको हुन्छ । यस्तो पाठ्यक्रम व्यक्ति, परिवार, समाज, धर्म, संस्कृति र परम्परासँग सम्बद्ध रहन्छ । शिक्षण सिकाइका क्रममा औपचारिक पाठ्यक्रमका माध्यमबाट शिक्षकले यी मान्यताहरूलाई प्रस्तुत गरिरहेको हुन्छ । स्नातकोत्तर तहअन्तर्गत नेपाली साहित्यको पठनपाठन शिक्षाशास्त्र र मानविकी दुवै सङ्कायमा हुने भए पनि प्रस्तुत अध्ययनमा मानविकी सङ्कायअन्तर्गत स्नातकोत्तर तहको मात्र विश्लेषण गरी यसलाई सीमाङ्कन गरिएको छ ।

लैङ्गिकता पुरुष र महिलाको समव्यवहार र समतामा आधारित हुन्छ । उच्च शिक्षामा पाठ्यक्रम र सिकाइका माध्यमबाट यसको प्रस्तुतीकरण हुन्छ । पाठ्यक्रमको सन्तुलन नभएसम्म लैङ्गिक सन्तुलन पनि व्यावहारिक रूपमा सिद्ध हुँदैन । यसका लागि पाठ्यक्रममा भाषिक व्यवहार, लैङ्गिक उपस्थिति, लैङ्गिकता र संरचना, सामग्री र पाठ लगायतका विषयमा ध्यान पुऱ्याउनु पर्दछ । स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रम नेपाली भाषाका साथै साहित्यका माध्यमबाट सामाजिक चेतनाको निर्माण र त्यसको संवेदनासँग जोडिएर बहस गर्ने विषय हो । कक्षाकोठाभित्र शिक्षण सिकाइका क्रियाकलापसँगै अनुसन्धानमूलक कार्यमा सामाजिक न्यायका विषयलाई नेपाली साहित्यमा कसरी उठाइएको छ भन्ने विषयलाई केन्द्रमा राखी विमर्श र छलफल गर्ने कार्य पाठ्यक्रम निर्माणमा गरिन्छ । त्यसैले परिवर्तित राजनीतिक सामाजिक सन्दर्भ र विकसित हुँदै गएको चेतनाका तहलाई सम्बोधन गर्ने खालका सामग्रीको चयन नेपालीको पाठ्यक्रमले गर्न सकेको छ कि छैन भन्ने कुरालाई हेर्ने सबैभन्दा संवेदनशील विषय लैङ्गिकता नै हो ।

महिला र पुरुषका विषय साहित्यमा आउँछन् तर तिनको लैङ्गिक संवेदनाअनुसार सन्तुलित चित्रण भएका साहित्यको चयन पाठ्यक्रमले गर्न सक्दा मात्र सिकाइ र चेतना निर्मितिमा त्यसको प्रत्यक्ष प्रभाव देखिन सक्छ । लैङ्गिक चेतनाका पक्षबाट स्नातकोत्तर तह मानविकी नेपाली विषयको पाठ्यवस्तुमा रहेका सामग्रीहरूको साहित्यिक चेतनासहितको लैङ्गिक चित्रणको अध्ययन भए पनि पाठ्यक्रमका सबै पाठ्यवस्तुमा आधारित भएर पाठ्यक्रमको अध्ययन हुन सकेको छैन । यस अध्ययनमा स्नातकोत्तर तह मानविकी नेपाली विषयको पाठ्यक्रमको पाठ्यवस्तु लैङ्गिक दृष्टिले कति सन्तुलित छ भन्ने प्राज्ञिक जिज्ञासाको शमनका लागि पाठ्यक्रममा समावेश गरिएका आख्यान, नाटक तथा कविताकाव्यको मात्र पठन गरी प्राप्त सामग्रीको लैङ्गिक विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनमा लैङ्गिक चेतनाका कोणबाट स्नातकोत्तर तह मानविकी नेपाली विषयको पाठ्यक्रममा समाविष्ट भएका आधुनिक नेपाली साहित्यका आख्यान, नाटक र कविताकाव्यको गहन पठनबाट ती पाठ र पाठ्यक्रममा रहेको लैङ्गिक चेतनाको अध्ययन गरी पाठ्यक्रम लैङ्गिक दृष्टिले संवेदनशील हुनुपर्ने दृष्टिकोण व्यक्त गरिएको छ ।

## लैङ्गिक चेतनाको सैद्धान्तिक आधार

महिला र पुरुषका लागि समाजले निर्धारण गरेको भूमिका लैङ्गिकता हो । प्राकृतिक लिङ्ग फरक भएपछि समाजले तोकिदिने सामाजिक सांस्कृतिक व्यवहार पनि फरक देखिन्छ । पुरुष वा छोरालाई गरिने व्यवहार र महिला वा छोरीप्रति गरिने व्यवहार फरक हुन्छन् । छोरा र छोरीका बिच गरिने फरक व्यवहार, दृष्टिकोण, अपेक्षा, नियम आदिले गर्दा दुईका बिच विभेदी सोच र नियमहरू विकसित हुँदै जाँदा महिला र पुरुषमा समान अवसरको सिर्जना भएको देखिँदैन । पितृसत्तात्मक समाजमा छोराप्रति देखाइने सद्भाव र माया छोरीले पाएका हुन्नन् । त्यसैले छोरीहरू सानैदेखि ज्ञान, अवसर, समाजबोधको अवस्था आदिमा पछाडि परेका हुन्छन् । आजको विकसित समाजमा समेत महिलालाई गरगहना, लुगा, शृङ्गारमा पुँजीवादी संस्कृति र बजारले बढी प्रभावित पारेको छ (होपर, सन् २०१५, पृ. २९) । समाजमा विकासको सन्तुलन ल्याउन छोरा र छोरीका विषयमा विभेद गरिनुहुँदैन, यी दुवैको अवस्थालाई समान रूपमा अगाडि बढाउनुपर्छ भन्ने लैङ्गिक चेतनाको मूल मान्यता हो । अझ तेस्रो लिङ्गीका भूमिका, व्यवहार र यौनिकताप्रति पनि सम्मानको व्यवहार हुनुपर्दछ तथा पुरुषप्रति पितृसत्ताले गरेको दोहनलाई पनि संवेदनशील भएर बुझ्नु आवश्यक छ भन्ने

मान्यता लैङ्गिकताको विषय हो । त्यसैले लैङ्गिकता पुरुष, महिला, तेस्रो लिङ्गीको सामाजिक भूमिकाको अध्ययन गर्ने सामाजिक सांस्कृतिक विषय हो ।

लैङ्गिकता समाजमा पुरुष र महिलाको सम्बन्ध, समाजमा तिनको भूमिका तथा सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा पुरुष र महिलाको हस्तक्षेपको अध्ययन हो । यसले समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ र कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण गर्दै महिला र पुरुषको सांस्कृतिक पक्षको अध्ययन गर्दछ (भट्टराई, २०६८, पृ. २६१) । यसले नारी र पुरुषको भूमिकालाई सामाजिक सांस्कृतिक सन्दर्भमा प्रस्तुत गर्दछ । रब पोपका अनुसार 'जेन्डर'ले हाम्रो शारीरिक बनावटलाई नै बुझाउँछ तर यो सांस्कृतिक निर्मितिका कारण सिर्जना भएको भिन्नता हो र यसले हाम्रो पहिरन, सामाजिक भूमिका, अपेक्षा आदिका पुलिङ्गी र स्त्रीलिङ्गी भिन्नतालाई प्रस्तुत गर्दछ (भट्टराई, २०७७, पृ. १०६) । समाजमा स्त्रीलिङ्गी भूमिकालाई परम्परागत सोच तथा पुरुषपक्षीय दमनबाट व्यवहार गरिएको हुन्छ । त्यसैले लैङ्गिक अध्ययनमा पनि नारीपक्षीय चेतनालाई सबल रूपमा प्रस्तुत गरिन्छ । लैङ्गिक विचारधाराले मूलतः नारीपक्षीय संचेतनालाई नै प्रस्तुत गरेको देखिन्छ तर लैङ्गिक अध्ययनमा तेस्रो लिङ्गी र पुरुषका विषय पनि समेटिएका हुन्छन् । समाजमा रहेको परम्परागत लैङ्गिक भूमिका र त्यसको अपरिवर्तनीयता अनि यसमा गरिने जोड समाजको उदात्त मार्गको अवरोधक हो (गोल्भर र काप्लान, सन् २००७, पृ. XX) । यस्तो भूमिका परिवर्तनमा चेतना निर्माण गर्ने काम नारीवादी चिन्तनबाट सुरु भएको हो ।

मताधिकार र समानताको खोजी गर्दै पितृसत्ताको विरुद्धमा सङ्गठित आन्दोलन र त्यस आन्दोलनबाट सिर्जित विचारधारा नै नारीवादी चेतना हो । यसले समाजमा भएको लैङ्गिक असमानता तथा सत्ताको असन्तुलनका विरुद्ध सङ्घर्ष गर्दछ (कस्तबार, सन् २०१६, पृ. १७) । सामाजिक र राजनीतिक सम्बन्धहरूमा भएका पुरुषपक्षीय विचारधाराको विरोध गर्दै महिलाहरूको रुचि र अधिकारको स्थापना गर्नु नारीवादको मूल ध्येय हो (के.पी., सन् २०१५, पृ. ८३) । साहित्यमा नारीवादको प्रयोग बिसौँ शताब्दीको मध्यदेखि सचेत रूपमा भएको हो । महिला अधिकारबाट सुरु भएको यो आन्दोलनले समाज परिवर्तनको चिन्तन विकास गऱ्यो । समाजका हरेक क्षेत्रमा नारीको अधिकारका पक्षमा आवाज उठाउने नारीवादी संचेतनाले हस्तक्षेपकारी भूमिका खेल्न पुग्यो । यसले पितृसत्ताको परम्परागत भूमिकाका बारेमा प्रश्न उठाउँदै र समाजका हरेक क्षेत्रमा महिला भूमिकाको खोजी गर्न अगाडि बढिरह्यो । नारीवादी चिन्तनको विकाससँगै लैङ्गिक चेतना पनि जोडिन पुग्यो ।

लैङ्गिक चेतनाको पहिलो घोषणापत्र ओलम्पी दि गुजेको *डिक्लारेसन अफ दि राइट्स अफ विमेन एन्ड सिटिजन* (सन् १७९१) लाई मानिन्छ । यसमा स्त्रीमाथि पुरुषको शासनको विरोध गरिएको छ भने मताधिकारका साथै सामाजिक राजनीतिक समानताको माग गरिएको छ (कात्यायनी र सत्यम्, सन् २००९, पृ. ११) । यसपछि मेरी उल्स्टनक्राफ्टको *ए भिन्डिकेसन अफ द राइट्स अफ वुमन* (१७९२) पुस्तकलाई मानिन्छ । यसमा महिला शिक्षा र महिलाको व्यक्तित्वको विकासमा जोड दिइएको छ (त्रिपाठी, सन् २०१२, पृ. ४५) । सन् १९२९ मा भर्जिनिया उल्फले *अ रुम अफ वान्स वोन* लेखेपछि महिलाका अस्तित्व र स्वतन्त्रताका विषय अगाडि आए भने सन् १९४९ मा सिमोन द बुभाले *द सेकेन्ड सेक्स* मार्फत महिलालाई दोस्रो दर्जाको व्यवहार गरिएको कुरा उठाएपछि संसारभर नारी अधिकारको विषयले प्राथमिकता पायो । सन् १९६० पछि यो विचारधारा प्रखर रूपमा अघि बढ्यो । 'समान कामका लागि समान ज्याला' भन्ने नाराले महिला पुरुषलाई समानतावादी विचारमा

ल्यायो (टोलान, सन् २००६, पृ. ३२०) अश्वेत नारीवादी बेल हुक्स र तेस्रो मुलुककी उत्तरसंरचनावादी चिन्तक गायत्री स्पिभाकका अध्ययनबाट सीमान्तीकृत महिलाका आवाज पनि शक्तिशाली बनाउने वैचारिक वातावरण निर्माण भयो । बेल हुक्सले महिलाले उच्चशिक्षाको कक्षाकोठामा भोग्नुपरेको लैङ्गिक हैरानीको एउटा कारण पाठ्यक्रम पनि भएको हुँदा पाठ्यक्रममा लैङ्गिक हैरानीका विरुद्धका विषय पनि समावेश हुनुपर्ने कुरा बताइन् (सन् २००३, पृ. १६५) । जुलिया क्रिस्टेभाले मनोविश्लेषणात्मक अध्ययनलाई पनि लैङ्गिकतासँग जोडेर अध्ययन गरिन् ( बार्कर, २०००, पृ. २४२) र उनले सबै प्रकारका पुरुष दमनको विरोध गरिन् । आज विश्वका अधिकांश मुलुकमा आफ्नै समाजको स्थिति र अवस्था अनुसार महिला, पुरुष तथा अन्य लिङ्गकालाई पनि समधारमा ल्याउन लैङ्गिकता र यौनिकताजस्ता चिन्तन विकसित छन् । नेपालका सन्दर्भमा नारी अभिव्यक्तिमा प्रत्यक्ष प्रतिबन्ध नदेखिए पनि सामाजिक, वैचारिक र पारिवारिक कारणले नारीहरूले आफ्ना सम्बन्ध, यौनिकता, शरीर चाहनाबारे खुलेर बोल्ने वातावरण सिर्जना भएको छैन (थापा, २०७७, पृ. भ) । उच्च शिक्षामा लैङ्गिक सन्दर्भ आख्यानात्मक दृष्टिले निकै महत्त्वपूर्ण छ । सुवेब (सन् २००४, पृ. १५५) ले उच्च शिक्षामा आख्यानको लैङ्गिक सन्तुलनको प्रभाव छात्राहरूको भविष्यमा पनि पर्ने बताएकी छन् । यस आधारमा पनि उच्च शिक्षाको पाठ्यक्रममा लैङ्गिक सन्तुलन आवश्यक हुने कुरा स्पष्ट हुन्छ ।

लैङ्गिक समविकासले लिङ्गका आधारमा गरिने असमान व्यवहार र भूमिकालाई पूर्णतः अस्वीकार गर्दै विश्वमा महिला र पुरुष दुवैको समतामूलक विकास गर्नुपर्ने मान्यतालाई अगाडि ल्याएको छ (पाण्डे, २०६९, पृ. ८) । यसका साथै तेस्रो लिङ्गीका अनेक पक्षलाई पनि लैङ्गिक अध्ययनले समेटेको हुन्छ । यसमा सामाजिक संरचनाका कारण उत्पन्न लैङ्गिकता, लैङ्गिक भिन्नता, लैङ्गिक विभेद आदिका पक्षको अध्ययन हुन्छ । यस अध्ययनले पुरुषप्रधान संस्कृतिका कारण महिला र तेस्रो लिङ्गी व्यक्तिमाथि देखिएका समस्या र समाजले उनीहरूमाथि आरोपित गरेका कमजोरीका कारणको उत्खनन गर्दै तिनको अधिकार र समानताका लागि बहस गर्छ । लैङ्गिक विचारधारामा लैङ्गिकताको पहिचान, त्यसप्रतिको भूमिकाको खोजी, समयको अन्तरालमा गरिने पठनका आधारमा लैङ्गिकताको भूमिकामा देखिने परिवर्तनको परीक्षण, लैङ्गिकताका रूढिहरूलाई गरिएको प्रोत्साहन र त्यसको भूमिकाको विश्लेषण, कृतिमा नारी, पुरुष र अन्य लिङ्गको सम्बन्धबारे भएको चित्रण र वर्णनको अध्ययन गरिएको हुन्छ (उप्रेती, २०६९, पृ. २४५) । नारी र पुरुष दुवैलाई उपयुक्त योजना, कार्यक्रम, नीतिनियम निर्माण गर्ने विभेदरहित प्रक्रियाले लैङ्गिक समताको निर्माण गर्छ (शर्मा, २०७८, पृ. १६४) । यस्तो सन्तुलनका लागि पाठ्यक्रम पनि महत्त्वपूर्ण हुन्छ ।

## अध्ययन विधि

मानविकी स्नातकोत्तर तह नेपाली विषयको हाल अध्ययन अध्यापन भइरहेको पाठ्यक्रमलाई यस अध्ययनको केन्द्र हो । यस पाठ्यक्रममा रहेका आख्यान, नाटक र कविता काव्यलाई यहाँ प्राथमिक सामग्रीका रूपमा पुस्तकालय कार्यबाट चयन गरिएको छ । यसैगरी लैङ्गिक विश्लेषण र शैक्षिक सन्दर्भका लागि लैङ्गिकताको सैद्धान्तिक विमर्श भएका र उच्च शिक्षाका शिक्षणसिकाइमा आधारित सामग्री तथा यस अध्ययनमा परेका पाठमा भएका पूर्वअध्ययनलाई द्वितीयक सामग्रीका रूपमा चयन गरिएको छ ।

मानविकी स्नातकोत्तर तहको नेपालीको पाठ्यक्रमलाई लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक विभेद र लैङ्गिक प्रतिरोधका कोणबाट अध्ययन गरिएको छ। यसका लागि स्नातकोत्तर नेपाली विषयका सम्बद्ध विधाका लैङ्गिक प्रतिनिधित्वलाई तालिकाबाट प्रस्तुत गरिएको छ। उल्लेख गरिएका पाठमा लैङ्गिक विभेद र प्रतिरोधको अवस्थालाई सङ्केत गरिएको छ। त्यसपछि आख्यान, नाटक तथा कविताकाव्यमा लैङ्गिकताको पाठपरक र विषयवस्तुपरक विश्लेषण गरिएको छ। यसका लागि साहित्यका पाठमा लेखकको प्रतिनिधित्व, पात्रको चयन र प्रस्तुति तथा विषयको अध्ययन गरिने सैद्धान्तिक मान्यताका आधारमा लैङ्गिक संवेदनशीलताको पाटोबाट पाठ्यक्रमको विश्लेषण गरिएको छ।

## नतिजा र छलफल

स्नातकोत्तर तह मानविकी नेपाली विषयको पाठ्यक्रममा रहेका आख्यान, नाटक र कविताकाव्य विधामा रहेका रचना तथा पाठलाई तीनवटा तालिकामा राखी अध्ययन गरिएको छ। तालिका नं. १ मा आख्यान, तालिका नं. २ मा नाटक र तालिका नं. ३ मा कविताकाव्यका रचनाहरूको लैङ्गिक प्रतिनिधित्व प्रस्तुत गरिएको छ। यसका लागि तालिकामा विधाअनुसार लेखक, पाठको शीर्षक, शीर्षकमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक विभेद र लैङ्गिक प्रतिरोधका कोणबाट पाठको लैङ्गिक प्रतिनिधित्वको सर्वेक्षण गरी प्रत्येक तालिकाको तल पाठको लैङ्गिक विश्लेषण गरिएको छ।

## आख्यानमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

सामाजिक विभेदका विरुद्ध चेतना निर्माण गर्नका लागि आख्यान महत्त्वपूर्ण विधा हो। पात्र र घटनाका माध्यमबाट सामाजिक न्यायका लागि आख्यानले सशक्त बहस सिर्जना गर्छ। विश्वसाहित्यसँगै नेपाली साहित्यका आख्यानमा यस्ता पक्षको सचेत चित्रण पाइन्छ। स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा तेह्रजना पुरुष लेखकका अठ्ठाइसवटा कथा र पाँचवटा उपन्यास राखिएका छन् भने एकमात्र महिला स्रष्टा पारिजातको तीनवटा कथाको चयन गरिएको छ। आख्यानका पाठको लैङ्गिक प्रतिनिधित्वको सर्वेक्षण तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

### तालिका नं. १

आख्यानमा लैङ्गिक प्रतिनिधित्व

| विधा | लेखक | पाठको शीर्षक | शीर्षकमा लैङ्गिक प्रतिनिधित्व | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|---|
| कथा | गुरुप्रसाद मैनाली | नासो | शीर्षकमा तटस्थता | पाठगत दृष्टिले विषयको केन्द्रमा पितृसतात्मक प्रस्तुति | परम्परागत भूमिकामा महिला, कुनै प्रतिरोध नभएको अवस्था |
| | | परालको आगो | शीर्षकमा तटस्थता | पाठगत दृष्टिले पितृसतात्मक प्रस्तुति | महिला केही स्वाभिमानी चरित्र |
| | विश्वेश्वरप्रसाद | दोषी चस्मा | शीर्षकमा | पुरुष केन्द्रको | लैङ्गिक सन्तुलनप्रति |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोइराला | | तटस्थता | विषय | उदासीनता |
| | | मधेसतिर | शीर्षकमा तटस्थता | विधवाप्रति समाजको नकारात्मक दृष्टिकोण | महिलामा पुनर्विवाहको चाहना तर महिलाको दमित प्रस्तुति |
| | | पवित्रा | शीर्षक र विषयमा महिला पात्र | कुरूप महिलाप्रति समाज नकारात्मक | विवाह र यौन चाहनाको अभिव्यक्ति तर प्रतिरोध गर्न नसकेको अवस्था |
| | | श्वेतभैरवी | नारीपात्रको केन्द्र | जातीय, वर्गीय, लैङ्गिक दृष्टिले विभेदमा परेकी | यौनपूर्तिको प्रस्तुतिका माध्यमबाट दमित यौनचाहनाको मनोवैज्ञानिक प्रतुति |
| | भवानी भिक्षु | टाइपिस्ट | शीर्षक तटस्थ तर विषय महिला | परम्परागत भूमिकामा केही परिवर्तन | महिलाको सामाजिकीकरणको प्रस्फुटन |
| | | मेरो सानु साथी | तटस्थ | पुरुषप्रतिको एकाङ्गी दृष्टिकोण | महिलाको प्रतिनिधित्वप्रतिकै उदासीनता |
| | | माउजङ बाबुसाहेबको कोट | तटस्थ | परम्परागत भूमिकामा महिला पात्र | पुरुषको केन्द्रीयताका कारण महिलाप्रतिको सामन्ती दृष्टिकोणको प्रस्तुति |
| | | ईश्वर खुदा, गडका कान | तटस्थ | | |
| | गोविन्दबहादुर मल्ल गोठाले | भाँडो | तटस्थ | परम्परागत भूमिकामा महिला पात्र | यौन चाहनाको अभिव्यक्ति |
| | | प्रेम र मृत्यु | तटस्थ | | |
| | | निद्रा आएन | तटस्थ | | |
| | | म जुजुमान | तटस्थ | परम्परागत भूमिकामा महिला पात्र | |
| | रमेश विकल | फुटपाथ मिनिस्टर्स | तटस्थ | | |
| | | लाहुरी भैंसी | तटस्थ | परम्परागत भूमिकामा महिला पात्र | गरिबीमा अझ कमजोर महिलाको अवस्था |
| | | एउटा बुढो भ्वाइलिन आशावरीको धुनमा | पुरुष महिलाको सङ्केत | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | शव शालिक र सहस्र बुद्ध | पुरुषकेन्द्री | | |
| | इन्द्रबहादुर राई | ब्ल्याक आउट, काजु बदाम र छोरा | पुरुषकेन्द्री | | |
| | | कठपुतलीको मन | पुरुषकेन्द्री | | |
| | | खीर | तटस्थ | | |
| | | जयमाया आफूमात्र लिखापानी आइपुगी | महिलाकेन्द्री | परम्परागत भूमिकामा महिला पात्र | युद्धका समयमा महिलाको सङ्घर्ष |
| | पारिजात | मैले नजन्माएको छोरो | पुरुष नाम महिला संवेदना | अविवाहित महिलाको दमित यौनचाहना | मातृत्व चाहना |
| | | साल्गीको बलात्कृत आँसु | महिलाकेन्द्री | दमित महिला | प्रतिरोधी चेतना |
| | | नाटकको चौथो चरण | तटस्थ | गरिबीका कारण पीडित महिला | महिलाप्रति सहानुभूतिको अवस्था |
| | मनु ब्राजाकी | एकान्त | तटस्थ | | |
| | | भुन्टीको भविष्य | महिलाकेन्द्री | यौनशोषण | सद्भावपूर्ण प्रस्तुति |
| | | पारदर्शी मान्छे | पुरुषकेन्द्री | | |
| उपन्यास | रूपनारायण सिंह | भ्रमर | पुरुषकेन्द्री | परम्परागत भूमिका | |
| | लैनसिंह वाङ्देल | लङ्गडाको साथी | पुरुषकेन्द्री | | |
| | विजय मल्ल | अनुराधा | महिलाकेन्द्री | परम्परागत भूमिका | अस्तित्वका लागि सङ्घर्ष |
| | मदनमणि दीक्षित | माधवी | महिलाकेन्द्री | परम्परागत भूमिका | अस्तित्वका लागि सङ्घर्ष |
| | ध्रुवचन्द्र गौतम | अग्निदत्त + अग्निदत्त | पुरुषकेन्द्री | महिलाप्रति हेपाहा दृष्टि | केही रूपमा सङ्घर्ष |

गुरुप्रसाद मैनालीका 'नासो' र 'परालको आगो' कथाले महिलाप्रति विभेदी रहेको समाजको अवस्था नै देखाएका छन् । यी कथाले महिलाको समर्पित र सहनशील स्वरूपमा पारिवारिक आदर्श कायम हुन्छ भन्ने विचार सम्प्रेषण गर्छन् । विश्वेश्वरप्रसाद कोइरालाका 'दोषी चस्मा', 'मधेसतिर', 'पवित्रा' र 'श्वेतभैरवी' कथाहरूमा पछिल्ला तीनवटा कथाले नारी पात्रका संवेदना र सबलतालाई केही रूपमा चित्रण गरेको देखिन्छ । विधवाले विवाह गर्ने योजनामा मधेसतिर लागेको सपना देखाउनु तत्कालीन समयको सचेत पक्ष मान्नुपर्छ । त्यसैगरी कुरूप महिलाको यौन संवेदनालाई सम्बोधन गरिएको 'पवित्रा' कथाले पवित्राको दमित चाहनाको सङ्केत गरिदिएको छ । 'श्वेतभैरवी'मा

स्वतन्त्रताकी प्रतीक भैरवीरूप धारण गरेकी फगुनीको चरित्रले म पुरुष पात्रसमक्ष आफ्नो यौन चाहनाको स्वतन्त्र रूप प्रस्तुत गरेकी छ। भवानी भिक्षुको 'टाइपिस्ट' कथाका शान्ति र मीनाको टाइपिस्ट पेसा र त्यससँगै उनीहरूले अनुभूति गर्न पाएको स्वतन्त्रताको केही पाटो महत्त्वपूर्ण छ। गोविन्दबहादुर मल्ल गोठालेका चारवाट कथामध्ये 'भाँडो' कथाले पुरुषसँगै नारी (मालिक्नी) को अतृप्त यौनचाहनाको केही सङ्केत गरेको छ। 'म जुजुमान' कथामा जुजुमानकी पत्नी र सालीको परम्परित भूमिका चित्रित छ। नेवारी समाजका महिलाको गृहिणी र पुरुष समर्पित नारी चरित्रलाई कथाले देखाएको छ। रमेश विकलका 'फुटपाथ मिनिस्टर्स', 'लाहुरी भैँसी', 'एउटा बुढो भ्वाइलिन आशावरीको धुनमा', 'शव सालिक र सहस्र बुद्ध' कथाले महिला संवेदनामा कताकति परम्परागत रूपलाई सङ्केत मात्र गरेका छन्। 'फुटपाथ मिनिस्टर्स'मा बालिका टिकीको चरित्र माया र करुणाकी प्रतिमूर्तिका रूपमा देखाइएको छ भने जघने, गोरे र भोटे जस्ता बालपात्रहरू समाजका विभिन्न रूपका चरित्रमा रहेका छन्। 'लाहुरी भैँसी'की लुखुरेकी पत्नीको अवस्था वर्गीय र लैङ्गिक दुवै दृष्टिले शोषित छ। मूलतः पुरुषकै केन्द्रमा रचिएका विकलका यी कथाहरूले महिला चेतनाको निर्माण गर्न सकेका छैनन्। इन्द्रबहादुर राईको 'ब्ल्याक आउट काजु बदाम र छोरा', 'कठपुतलीको मन', 'खीर', 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथाहरूमध्ये अन्तिम कथाले महिलाको चरित्रलाई केन्द्रमा राखेर युद्धबाट लखेटिएकी नारीपात्रको निरीह अवस्थालाई चित्रण गरेको छ। 'कठपुतलीको मन' कथामा 'परालको आगो'को पुनर्लेखन गर्दा चामेलाई पत्रकारले पत्नी कुट्नुको कारण सोध्नुले नारीप्रति गरिने विभेदप्रति प्रश्न उठ्छ भन्ने सङ्केत गरेको छ। मनु ब्राजाकीको 'एकान्त', 'भुन्टीको भविष्य' र 'पारदर्शी मान्छे' कथामध्ये भुन्टीको भविष्य महिला संवेदनामा केन्द्रित छ। समाजमा महिलामाथि हुने यौनजन्य हैरानी र शोषणको सद्भावपूर्ण चित्रण यस कथामा छ (श्रेष्ठ, २०६८, पृ. १६६)। पारिजातको 'मैले नजन्माएको छोरो' अविवाहित तर मातृत्व चाहना भएकी नारीको मनोविज्ञानलाई सम्बोधन गरेको कथा हो। यसले एउटी नारीको आमा बन्ने स्वतन्त्र चाहनाको पक्षपोषण गरेको छ। अविवाहित रहेरै पनि कुमारी आमा बन्ने चाहना राख्ने पात्रको मनस्थितिलाई कथाले बुझाएको छ। 'साल्गीको बलात्कृत आँसु' बम्बैमा बेचिएकी नारीको पीडादायी जीवनको आक्रोशपूर्ण कथा हो। पुरुषशासित समाजमा शोषणको पराकाष्ठा भोग्ने महिलाको अवस्था देखाउँदै यस कथाले विद्रोही आवाज निकालेको छ। यसैगरी 'नाटकको चौथो चरण' गरिबीले आक्रान्त पात्र र उसकी पत्नीको मृत्युसँग जोडिएको कथा हो। गरिबी र अन्यायले पीडित समाजमा महिलाको अवस्था अझ कमजोर रहेको हुन्छ भन्ने तथ्यलाई यस कथाले उजागर गरेको छ। लैङ्गिक, वर्गीय र जातीय कोणबाट पछाडि परेको नारी चरित्र कथामा चित्रित छ।

आधुनिक नेपाली उपन्यासका रूपमा पाठ्यक्रममा रहेका *भ्रमर, लङ्गडाको साथी, अनुराधा, माधवी* र *अग्निदत्त + अग्निदत्त* हुन्। यीमध्ये लैङ्गिक संवेदनासँग आवद्ध भएका *माधवी* र *अनुराधा* दुई उपन्यास मात्र हुन्। लैङ्गिक चेतना र संवेदनामा *माधवी* अझ अगाडि रहेको छ। मदनमणि दीक्षितको यस उपन्यासले वैदिक कालीन समयकी पात्र माधवीको सबल र शक्तिशाली चरित्रलाई उजागर गरेको छ। सत्ताद्वारा पटक पटक पुत्रप्राप्तिको यज्ञमा उपयोग भएकी भए पनि माधवी आफ्नो अधिकार र चेतनामा केही रूपमा साहसी र स्वतन्त्र चरित्र हो। पिता ययाति र पुरुषसाथी गालबबाट उनीहरूको स्वार्थअनुरूप प्रयोग भएर पनि उसले आफ्नो वैयक्तिक स्वतन्त्रता र चेतनामा आफूलाई अगाडि राख्न सकेकी छ। वैदिक नारी चरित्रको आत्मप्रतिष्ठालाई दीक्षितले माधवी चरित्रका माध्यमबाट नेपाली उपन्यासमा केही रूपमा भए पनि प्रगतिशील चेतनाको निर्माण गरेका

छन् । सत्ताको लागि महिला शरीरको चरम शोषणका अवस्थामा पनि एउटी नारीमा रहेको चेतनाको यो तहको चित्रण सकारात्मक देखिन्छ । त्यसैगरी विजय मल्लको *अनुराधा* नारी मनोविश्लेषणको केन्द्रमा नारी पात्रलाई प्रमुख बनाएर रचिएको उपन्यास हो । यस उपन्यासले अनुराधा पात्रका माध्यमबाट नारीचेतना र स्वतन्त्रताको केही पाटो समेटे पनि उपन्यासको अन्त्यमा पलायनवादी अनुराधाको जीवनले नारीलाई सबल बन्न दिएको छैन । *भ्रमर* उपन्यास महिलामाथि प्रेमको उदारता देखाए पनि भोगवादी दृष्टिकोणको केन्द्रमा रचिएको छ । *माधवी* र *अनुराधा* उपन्यासले महिलाहरूको लैङ्गिक भूमिकालाई सकारात्मक रूपमा प्रस्तुत गर्नाका साथै मूलतः छात्रछात्राहरूलाई समविकास र समन्यायको चेतनाको खोजीमा उत्प्रेरणा प्रदान गर्ने हुँदा यी दुई उपन्यास लैङ्गिक चेतनाका दृष्टिले सबल उपन्यासहरू हुन् ।

ध्रुवचन्द्र गौतमको *अग्निदत्त + अग्निदत्त*मा पुँजीवादी समाजमा नारीप्रति हुने गरेका भोगमूलक व्यवहार र दृष्टिकोणलाई उदाङ्गो पारिएको छ । नारी पात्र वृक्षाका माध्यमबाट उसको जीवनको सङ्घर्ष र केही विद्रोही रूपलाई चित्रण गरे पनि अन्ततः पुरुषमा समर्पित नारी चरित्रको चित्रण गर्नमा नै गौतम रमाएको देखिन्छ । महिलाप्रतिका भोगपूर्ण र अशिष्ट शब्दावलीको प्रयोगले यो उपन्यास केही रूपमा आलोचित समेत छ । पाठ्यक्रममा प्रस्तुत हुने लैङ्गिक चेतना र समन्यायका दृष्टिले यो उपन्यास आलोच्य रहेको छ भने यसले छात्रछात्रालाई आलोचनात्मक चेतका माध्यमबाट साहित्यमा कसरी महिलाको नकारात्मक छवि प्रस्तुत हुन्छ भन्ने ढङ्गले चाहिँ शिक्षण गर्नुपर्ने देखिन्छ ।

## नाटकमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

नाटक विधाले सामाजिक विषयका मुद्दालाई संवाद र द्वन्द्वका माध्यमबाट सशक्त रूपमा चित्रण गर्न सक्छ । यस पाठ्क्रममा पनि नेपाली साहित्यका चारजना नाटककारका सातवटा नाटक र एकाङ्की समावेश गरिएका छन् । नाटकका पाठको लैङ्गिक प्रतिनिधित्वको सर्वेक्षण तल तालिका नं. २ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

नाटकमा लैङ्गिक प्रतिनिधित्व

| लेखक | नाटक | शीर्षकमा लैङ्गिक प्रतिनिधित्व | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|
| बालकृष्ण सम | प्रह्लाद | पुरुषकेन्द्री | परम्परागत भूमिका | |
| | प्रेमपिण्ड | तटस्थ | परम्परागत भूमिका र दमन | सविताको प्रेमका लागि सङ्घर्ष |
| | नालापानीमा | तटस्थ | | |
| गोपालप्रसाद रिमाल | यो प्रेम ! | तटस्थ | प्रेमका नाउँमा दमन | कमजोर |
| गोविन्द गोठाले | भोको घर | तटस्थ | | |
| विजय मल्ल | जिउँदो लास | तटस्थ | विधवा र एकल महिलाको कमजोर मनस्थितिको चित्रण | चाहनाअनुसार बाँच्न नपाउँदा विक्षिप्त |
| | पत्थरको कथा | तटस्थ | | |

चारजना पुरुष नाटककारका सातवटा नाटक तथा एकाङ्की पाठ्यक्रममा राखिएका छन्। बालकृष्ण समका *प्रह्लाद, प्रेमपिण्ड* र *नालापानीमा* नाटकहरूमध्ये कुनै पनि नाटका सबल नारी चरित्रको केन्द्रमा रचिएका छैनन्। तुलनात्मक रूपमा *प्रह्लाद*मा कयाधुको चरित्रलाई केही रूपमा सबल देखाइएको छ तर पनि उसका लागि पितृसत्ता सर्पका हाडको पिँजडातुल्य छ र उसले शक्तिहीन महसुस गरेको चित्रण छ (गौतम, २०५९, पृ. ३७३)। *प्रेमपिण्ड*मा एडविलले सवितापति गरेको शोषणको चरम रूप चित्रित छ। सविताको संवेदना होइन एडबिलले एकोहोरो आफ्नो भोगलाई केन्द्रमा राखेर उसलाई प्रताडित गरेको छ। यस नाटकमा सत्ता सम्बन्धका आधारमा पुरुष शक्तिशाली हुने कुरालाई देखाइएको छ भने त्यो सत्ता सम्बन्ध लैङ्गिक पक्षसँग वर्गीय र जातीय रूपमा समेत जोडिएको हुन्छ भन्ने पक्षसमेत प्रस्तुत छ। एडविल पुरुषसत्ता, उच्च वर्ग र उच्च जाति भनिने राणाहरूको प्रतीक हो। यस दृष्टिले प्रस्तुत नाटकले वर्गीय, लिङ्गीय र जातीय वर्चस्वलाई नै शक्तिशाली रूपमा देखाएको छ। समको *नालापानीमा* एकाङ्कीमा पुरुष वीरताको पाटोमा केन्द्रित छ। नालापानीको युद्धमा महिला र बालबालिकाले पनि त्याग गरेको प्रसङ्ग भए पनि एकाङ्कीले त्यस पक्षलाई उति महत्त्व दिएको छैन। यस दृष्टिले प्रस्तुत कृति लैङ्गिक चेतनाका आधारमा एकपक्षीय र एकाङ्गी छ भने पाठ्यक्रमको चयनका दृष्टिले यसमा ऐतिहासिक रूपमा समेत पितृसत्ता प्रबल थियो भन्ने कुरालाई स्थापित गर्न खोजेको छ।

विजय मल्लको *जिउँदो लास* नाटकमा उर्मिला र प्रतिमा नामका एकल दिदीबहिनीको पुनर्विवाह गराउन नसकी उनीहरूको जीवन जिउँदो लास सरह भएको चित्रण गरिएको छ (लुइँटेल, २०६७, पृ. १४५)। हराएको तथा मरेको पतिका नाउँमा विक्षिप्त मनस्थितिमा बाँच्न बाध्य महिलाको चित्रणले लैङ्गिक विभेदलाई प्रश्रय दिएको छ। मल्लको *पत्थरको कथा* एकाङ्कीले महिलाको कुनै पाटो चित्रण गरेको छैन। गोविन्द गोठालेको *भोको घर*ले गरिबीको केन्द्रमा पिल्लिएका परिवारको व्यथा उतारेको छ।

गोपालप्रसाद रिमाल क्रान्तिकारी तथा परिवर्तनशील दृष्टिकोण भएका स्रष्टा हुन्। उनका लेखनमा समाज परिवर्तनको अपेक्षा पाइन्छ। *मसान* नाटकबाट लेखकले महिलामाथि गरिएको शरीर राजनीतिलाई स्पष्ट सङ्केत गर्दै युवतीले आफ्नो अधिकार नभएको घर मसान सरह हो भन्ने अवस्थामा घर छोडेको तथ्यलाई देखाएका छन्। उनका नाटकले समाजमा महिलामाथि हुने गरेका विभेद र हस्तक्षेपको चित्रण गरेका हुन्छन्। समाजका कुरीतिको अन्त्यका लागि क्रान्तिको आह्वान गर्ने विद्रोही लेखक भए पनि यस पाठ्यक्रमा समेटिएको *यो प्रेम !* नाटकमा रिमालले उति विद्रोही नारी चरित्र निर्माण गर्न सकेका छैनन्। यस नाटकमा मूलतः पुरुष स्वार्थको केन्द्रमा दैहिक प्रेमलाई सम्बोधन गरिएको छ। नाटकमा दुई पुरुष पात्रले नारीका संवेदनामा गरेको नाटकीय प्रेमलाई देखाइएको छ। महिला आफ्नो संवेदनाअनुसार बाँच्न स्वतन्त्र छैन भन्ने तथ्यलाई यस नाटकले गङ्गा र शशीको पीडित जीवनसन्दर्भबाट खोलेको छ।

*यो प्रेम !* स्त्रीदमनमा केन्द्रित नाटक हो। यस नाटकको प्रमुख पात्र शेखर बहुविवाहमा विश्वास गर्ने चरित्र हो। शिक्षित भएर पनि उसमा परम्परागत चेतना नै रहेको छ। गङ्गा र शशी दुई नारी चरित्रले आफ्नो चाहना र इच्छा अनुसार जीवन बाँच्न नसकेको विभेदी समाजको अवस्थालाई नाटकले चित्रण गरेको छ। गङ्गाको एकल महिलाको अवस्थालाई अझ नाजुक र निरीह रूपमा नाटकले प्रस्तुत गरेको छ। गङ्गालाई शेखरले गरेको शोषणले परम्परित समाजको

दमनात्मक स्वरूपलाई सङ्केत गर्दछ । यस नाटकको सानोबाबुले पनि शशीलाई भोग गर्ने षडयन्त्र गरेको छ । श्रीमतीका आडमा शशीलाई आफ्नो वशमा पार्न खोजिरहन्छ । बारम्बार पत्नीलाई होच्याएर शशीको सहानुभूति बटुल्न खोज्छ । तुलनात्मक रूपमा शशी केही सचेत देखिन्छ । चुरोट पिउने र आफ्नोअनुसार जीवन बाँच्न खोज्ने उसको चरित्रले केही स्वाभिमानी पक्षलाई सङ्केत गरेको देखिन्छ । यस नाटकले सिर्जना र मातृत्वका दृष्टिले नारीलाई उच्च देखाएर पनि प्रेमको संवेदना र भावुकताका कारण असफल देखाउनुले महिलालाई कमजोर चरित्रका रूपमा देखाएको छ । दूरदृष्टि नभएको र भावुक तथा कमजोर चरित्र बनाउनु महिलाप्रति लेखकको विभेदी दृष्टिकोण हो । यस नाटकका गङ्गा र शशी पुरुषका कारण विक्षिप्त मनस्थितिमा पुग्नुपरेको अवस्था छ । महिलाको सशक्त र सबल भूमिका देखाएर उसको प्रेम तथा आफ्नो जीवन बाँच्ने विषयमा गरेको निर्णय सही र सफल भएको देखाएको भए नाटकबाट केही रूपमा महिला पात्रको सचेत निर्मिति हुने थियो ।

## कविताकाव्यमा लैङ्गिक प्रतिनिधित्व र विश्लेषण

कविताकाव्य लय, बिम्बात्मक अभिव्यक्ति र विषयको सटिक प्रस्तुतिका दृष्टिले विशिष्ट विधा हो । नेपाली साहित्यमा यसको लेखन र पठन प्रभाव पनि बृहत् छ । अनुभूति र लयको संयोजनका कारण यसको प्रभावकारिता ज्यादा देखिन्छ । यस पाठ्यक्रममा पुरुष कविका मात्र कविताकाव्य समावेश गरिएका छन् । फुटकर कविता, खण्डकाव्य र महाकाव्यको स्वरूपमा रहेका कविताकाव्यका पाठको लैङ्गिक प्रतिनिधित्वको सर्वेक्षण तल तालिका नं. ३ मा प्रस्तुत गरिएको छ :

### तालिका नं. ३

कविताकाव्यमा लैङ्गिक प्रतिनिधित्व

| विधा | लेखक | पाठको शीर्षक | शीर्षकमा लैङ्गिक प्रतिनिधत्व | लैङ्गिक विभेद | लैङ्गिक प्रतिरोध |
|---|---|---|---|---|---|
| **कविता** | लेखनाथ पौडेल | पिँजडाको सुगा | तटस्थ | | |
| | बालकृष्ण सम | स्वर्ग र देवता | तटस्थ | | |
| | लक्ष्मीप्रसाद देवकोटा | हुरीको गीत | तटस्थ | | |
| | | शहाजहाँको इच्छा | पुरुषकेन्द्री | | |
| | माधवप्रसाद घिमिरे | दुलही हिमाल कञ्चनजङ्घा | प्रकृतिका रूपमा महिला सङ्केत | परम्परागत भूमिका | |
| | | परन्तु एउटै मूर्तिमा विराट | तटस्थ | | |
| | मोहन कोइराला | फर्सीको जरा | तटस्थ | | |
| | वैरागी काइँला | पर्वत | तटस्थ | | |
| | ईश्वर बल्लभ | बाँकी अर्चना | तटस्थ | | |
| **खण्डकाव्य** | लेखनाथ पौडेल | ऋतुविचार | विषयगत तटस्थता | परम्परागत भूमिका | |
| | लक्ष्मीप्रसाद | मुनामदन | महिला पुरुषको | संवेदनशील | |

| | | | | | |
|---|---|---|---|---|---|
| | देवकोटा | | नाम | चरित्र, परम्परागत भूमिका | |
| | सिद्धिचरण श्रेष्ठ | उर्वशी | शीर्षकमा महिला | पुरुषबाट उपेक्षित | स्वतन्त्रताप्रति सचेत |
| | माधव घिमिरे | राजेश्वरी | शीर्षकमा महिला | सत्तादमित | चेतनशील चरित्रको निर्माण |
| | मोहन कोइराला | गङ्गाप्रवास | महिलाकेन्द्रको शीर्षक | वर्गीय र लैङ्गिक रूपमा शोषित | |
| | वासुदेव त्रिपाठी | राजकुमारी वासवदत्ता | शीर्षकमा महिला | परम्परागत भूमिका | प्रेमप्राप्तिको चाहना |
| **महाकाव्य** | लक्ष्मीप्रसाद देवकोटा | शाकुन्तल | महिलाकेन्द्रको शीर्षक | परम्परागत भूमिका | |
| | सोमनाथ सिग्द्याल | आदर्श राघव | पुरुषकेन्द्री | महिलाप्रति विभेदी दृष्टि | |
| | लेखनाथ पौडेल | तरुण तपसी | पुरुषकेन्द्री | परम्परागत भूमिका | |
| | बालकृष्ण सम | चिसो चुह्लो | तटस्थता | परम्परागत भूमिकामा महिला | प्रेममा स्वतन्त्रताको चाहना |
| | जगदीश शमशेर | नरसिंह अवतार | पुरुषकेन्द्री | | |

फुटकर कवितामा सात जना पुरुष कविका नौवटा कविता पाठ्यक्रममा परेका छन् । कुनै पनि महिला स्रष्टाका कविता समाविष्ट छैनन् । पाठ्यक्रममा समाविष्ट कविताहरूमध्ये लक्ष्मीप्रसाद देवकोटाको 'शाहजहाँको इच्छा' कवितामा महिला पात्रसँग जोडिएको केही संवेदना चित्रित छ । कविताको मूल केन्द्रमा पुरुष भए पनि उसले आफ्नी मुमताजप्रति देखाएको प्रेमभाव प्रकट भएको छ । अनेक पत्नीको पतिका रूपमा रहेको शासक शाहजहाँको सुन्दरी पत्नी मुमताजप्रतिको आदरपूर्ण र प्रेमिल दृष्टिकोण मूलतः भोगवादी प्रवृत्तिमा केन्द्रित छ । माधवप्रसाद घिमिरेको 'दुलही हिमाल काञ्चनजङ्घा' प्रकृतिको चित्रणमा केन्द्रित कविता हो । यसले हिमाललाई एउटी नारीको संवेदनामा चित्रण गरेको छ । सौन्दर्य र धैर्यको प्रतिमूर्ति मानिने नारीको परम्परागत स्वरूपलाई यस कवितालाई यथावत् चित्रण गरेको छ । महिलाको स्वतन्त्र चरित्र र संवेदनालाई पाठ्यक्रममा राखिएका कुनै पनि कविताले सम्बोधन गरेका छैनन् ।

खण्डकाव्य र लामो कवितामा छजना पुरुष लेखकका छवटा खण्डकाव्य र लामो कविता पाठ्यक्रममा समाविष्ट छन् । लेखनाथ पौडेलको *ऋतुविचार*मा छ ऋतुको प्रकृति वर्णन गर्ने सन्दर्भमा सामाजिक, सांस्कृतिक, नैतिक आध्यात्मिक पक्ष समेटिएका छन् । वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतुको वर्णन गर्ने क्रममा कविले समाज चेतनाका अनेक सन्दर्भमा समाजमा महिलाको

अवस्थालाई चिनाउन पुगेका छन्। नेपाली समाजमा विद्यमान रूढि, अन्धविश्वास, कुप्रथा र विसङ्गतिप्रति व्यङ्ग्य गरेका उनले सुधारको स्वर निकालेका छन्। तत्कालीन राणाशासनका दरबारिया धाकरवाफको सन्दर्भसँगै कतैकतै महिलाको अवस्थालाई पनि सङ्केत गरेको देखिन्छ। जस्तो 'वर्षा जाँगरिली दासी धोई पोती लिपी चली, शरद मालिकिनी जस्तै गर्न थाली ढलीमली' पङ्क्तिले तत्कालीन समाजको वर्गीय रूप र महिलाको अवस्थालाई चिनाएको छ। पुरुषको सुखका लागि दासी, नर्तकी, धाई, भोग्या आदि बन्न बाध्य तत्कालीन समयका महिलाको अवस्था काव्यका विभिन्न सन्दर्भमा उपमाका रूपमा आएका छन्।

*मुनामदन* खण्डकाव्यमा मुनाको संवेदनालाई महत्त्व दिँदादिँदै पनि मदनको पुरुष अहम्कै केन्द्रले जितेको र जीवन दुर्घटित भएको अवस्था छ। साग र सिस्नु खाएर सुखी जीवन बाँच्न सकिने दाम्पत्य जीवनको सुखलाई मुनाका विचारबाट प्रकट भए पनि गरिबी र अभावमा सुखी नहुने र कमाउन पुरुषकै कर्तव्य हुने पितृसत्तात्मक दृष्टिकोणलाई यस काव्यले केन्द्रीय रूपमा चित्रण गरेको छ। मुनाको मनवाद र मदनको धनवादका बिच द्वन्द्वको सिर्जना भई धन अर्थात् भौतिकताले जीवनको सुखलाई नष्ट गरिदिने सङ्केत काव्यले गरेको छ। ल्हासा गएर सुन कमाई फर्किंदा परिवारका सबै सदस्य गुमाउन पुगेको मदनको अवस्था जति पीडादयी छ घरमा पतिको बाटो कुर्दाकुर्दै पुरुषकै कुदृष्टिका कारण मृत्युवरण गर्न पुगेकी मुनाको अवस्था उति नै वेदनापूर्ण छ। घर र जीवन आत्मीयता र सुखमा अडिएको हुन्छ भन्ने महिलाको दृष्टिकोणका अगाडि पुरुषको पुँजीप्रतिको गहिरो अडानको अन्तर्यमा भौतिकता र पुँजीवादी सभ्यताको दबाब त छँदै छ त्यहाँमाथि पुरुषले नै घरको आर्थिक पाटोको भार बेहोर्नपर्ने विभेदी सामाजिक पितृसत्तात्मक सोचलाई पनि यस काव्यले चित्रण गरेको छ। यो काव्य लैङ्गिक संवेदना र सचेतनाका कोणबाट केही सन्तुलित भए पनि महिलालाई कमजोर र निरीह पात्रका रूपमा नै चित्रण गरिएको छ। गुण्डाको चिठीले मृत्युवरण गरेकी मुना, गहना चाहिने (मुना र आमा) महिलाको अवस्था आदिको चित्रणले तत्कालीन महिलाको परम्परागत सोच र भूमिकालाई मात्र सम्बोधन गरेको छ। ऋण तिर्नुपर्ने पुरुषको बाध्यताले पनि पुरुषप्रति भएको लैङ्गिक दमनलाई सङ्केत गरेको छ। काव्यको अन्त्यमा धनवादी मदनको सोच मुनाले लिएको मन तथा आत्मीयताको अडानमा आएर टुङ्गिएको छ। आत्मीयता र भौतिकताको द्वन्द्वमा महिला र पुरुषको समाजनिर्मित लैङ्गिक अवस्थालाई देखाइएको छ। नारी सधैँ कोमल, संवेदनशीन, सहनशील, विद्रोह गर्न नसक्ने, परिस्थितिमा छिटो हार खाने आदि हुन्छन् भन्ने चित्रण मुना र उनकी आमाको चरित्रले देखाउँछ भने पुरुषको दम्भी, साहसी र पौरुष चरित्र पनि समाजले निर्माण गरेको लैङ्गिक निर्मितिको एउटा पाटो हो। 'कि गरिछाड्यो कि मरिछाड्यो मर्दको इरादा, नहाल प्यारी बाटामा फेरि आँसुको यो बाधा' जस्ता अभिव्यक्तिले पुरुषप्रति समाजको दबाबसँगै पुरुष अहम्को पाटोलाई पनि काव्यले सङ्केत गरेको छ। महिलामा आँसु हुने र पुरुषमा साहस हुने परम्परित पाटाको सङ्केतले लैङ्गिक समानताको पक्षमा यस काव्यले चेतनाको निर्माण गर्न सकेको देखिन्न। यस काव्यले एकातिर सहरमा बढ्दै गएको पुँजीवादी चिन्तनलाई चित्रण गर्छ भने अर्कातिर गुन्डा र नैनीजस्ता चरित्रबाट महिलाप्रति विकसित हुँदै गरेको भोगवादी दृष्टिकोणलाई अझ प्रखर बनाएको छ। भौतिकताको मोहसँगै महिलालाई वस्तुवरण गर्ने प्रवृत्ति पनि विकसित भइरहेको सहरी परिवेश काव्यमा प्रकट भएको छ।

सिद्धिचरण श्रेष्ठको *उर्वशी*मा खण्डकाव्य नारीपात्र उर्वशीको जीवनभोगको चाहना र त्यसको विफलतालाई चित्रण गरिएको छ (गौतम, २०६८, पृ. २३)। त्याग र भोगको द्वन्द्वका केन्द्रमा मात्र होइन मानवजीवनको विफलताको कथासँग उर्वशीको उपस्थिति बढी अर्थपूर्ण रहेको छ। उर्वशी र अर्जुनको भोगवादी र योगवादी दर्शनलाई मुख्य चिन्तनको केन्द्र बनाएको यस काव्यले उर्वशीको कामजन्य प्रणय निवेदनलाई अस्वीकार गर्दै अर्जुनले उसलाई आमाका रूपमा संवोधन गर्नाले महिलाको संवेदनालाई सबल रूपमा उजागर गरेको छ। महिलाका चाहनामा बाधक बन्ने समाजको चित्र यस काव्यमा जीवन्त रूपमा चित्रित छ। जीवनमा महान् लक्ष्य प्राप्तिका लागि भोगवादी वृत्तिमाथि विजयप्राप्त गरी योगवादी बन्नुपर्छ भन्ने अर्जुनको विचार तथा आफ्नो रुचिको केन्द्रमा जीवन बाँच्नुपर्छ भन्ने उर्वशीको भोगवादी तथा सकाम कर्मयोगको चिन्तन काव्यमा पाइन्छ। सकाम कर्मयोगले जीवनको लक्ष्य प्राप्त गर्न नसक्दा निष्काम कर्मयोगको बाटो अँगाल्नुपर्छ भन्ने मान्यता प्रस्तुतिका क्रममा उर्वशीको अर्जुन प्राप्तिको चाहना विचलित भएको छ। काव्यमा उर्वशी आफ्नो वैयक्तिक रुचिमा स्वाभिमानपूर्वक बाँच्न चाहने चरित्र बनाएर अर्जुनसँग प्रेमप्रस्ताव राख्न सफल भएकी त छ तर उसको प्रस्तावलाई अर्जुनले बेवास्ता गरिदिएको छ। महिलाले आफ्नो भावना र रुचिलाई पुरुष समक्ष प्रकट गर्ने सबलता देखिए पनि त्यो प्राप्तिमा ऊ असफल रहेको सन्दर्भ उल्लेखनीय छ। काव्यको मूल चिन्तन जीवनको लक्ष्यप्रति केन्द्रित रहेको र यसले योगवादी र निष्काम कर्मवादी दर्शनलाई प्रस्तुत गर्ने उद्देश्य राखेकाले पनि उर्वशीको चाहना पूर्ण हुन सकेको देखिँदैन।

माधव घिमिरेको *राजेश्वरी* सत्ता र शक्तिद्वारा दमन गरिएकी तर आफ्नो सबल विचार रहेकी नारी चरित्रको केन्द्रमा रचिएको खण्डकाव्य हो। हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी रानी राजेश्वरीलाई राजा रणबहादुरको मृत्युपछि सती जान बाध्य बनाइएको नेपाली इतिहासको वास्तविक घटनालाई काव्यरूप प्रदान गर्दा कवि घिमिरेले राजेश्वरीको सबल र सचेत चरित्र निर्माण गरेका छन्। राजेश्वरीलाई राजनीति सचेत व्यक्ति भएका कारण सत्तामा रहेकाहरूले आफूलाई असुरक्षित ठानी जिउँदै चितामा जलाएका छन्। सती प्रथाले जकडेको तत्कालीन समाजको दर्दनाक चित्रण यस काव्यले खिचेको छ। नाबालक सन्तान गीर्वाणलाई छोडेर सती जान बाध्य पारिएको शासकको स्वार्थी चरित्र तथा रानीको देशभक्ति, धर्तीप्रेम तथा मानवीय जिजीविषाको संवेदना काव्यमा महत्त्वपूर्ण रूपमा आएका छन्। महिलामाथि अन्यायी शासन व्यवस्थाकै कारण उनीहरूको जीवन सधैँ मूल्यहीन बन्न पुगेको अवस्थालाई यस काव्यले देखाएको छ। तत्कालीन सामाजिक व्यवस्थामा रहेको सतीप्रथाको कलङ्कलाई यस काव्यले चित्रण गरी महिलाप्रति गरिएको घोर अमानवीय र वर्वर नियमप्रति व्यङ्ग्य गरेको छ। सासू राजेन्द्रलक्ष्मीले नायवी भएर शासन सत्ता समालेको देखेबुझेकी राजेश्वरीमा पनि राजनीतिको सचेतता र देशका लागि आफ्नो आवश्यकता रहेको बोधले उनको चेतनाको उपल्लो तहलाई बुझाएको छ।

मोहन कोइरालाको *गङ्गाप्रवास* लामोकाव्यको मूल कथ्य गङ्गाको प्रवास गमन र प्रवास भोगाइसँग सम्बन्धित छ। गङ्गा नदीको सङ्घर्षपूर्ण यात्राले महिला सङ्घर्षका बिम्बलाई समेटेको छ। नेपालको हिमाली क्षेत्रबाट अनेकन भौगोलिकता छिचोल्दै दुनियाका कल्मष पखाल्दै र तिनलाई कैवल्य प्रदान गर्दै वनारस पुगेकी नदीको सङ्घर्ष आफ्नो मूल थलोमा खप्नुपरेको सङ्घर्षको व्यथा र गर्भवती अवस्थामा प्रवासिनु परेको किराँतिनीको कथासँग मिल्दो छ। प्रकृति र महिलाको जीवन

भोगाइको समरूपता अनि तिनको जीवन भोगाइको विफलता र विकटताको कथा काव्यमा चित्रित छ। मानवीय गङ्गाले प्राकृतिक गङ्गालाई गरेको एकलापी सम्बोधन ढाँचामा प्रस्तुत गरिएको यस काव्यको विषयको मूल केन्द्र दुवै गङ्गाको प्रवासन र प्रवासनको कष्टपूर्ण भोगाइ हो। गङ्गालाई कल्मषनाशिनी नदीका रूपमा लिइने हिन्दु सांस्कृतिक विश्वाससँगै हिमाली, पहाडी जीवनका विकटता र नागर समाजमा निम्नवर्गीय मानिसको कष्टकर दैनिकीलाई प्रकट गर्दा महिला पात्रको संवेदनासँग यो काव्य जोडिएको छ। मुक्तिक्षेत्रको पावन पहिचान लिएर बगेकी नदी काशी पुगेपछि मणिकर्णिका घाटमा बग्न पुगेकी गङ्गालाई कष्टकर जीवन भोगिरहेकी सानी शेर्पिनीको मानवीय सम्बोधनले महिलाको कष्टपूर्ण जीवनको संवेदनालाई काव्यले उठाएको छ। अमिर नामक पुत्रलाई जन्म दिएर पनि अभाव र दारिद्र्यका कारणले बचाउन नसकेकी सानी शेर्पिनीको मातृत्वको खोजी नदी गङ्गासँगको संवादमा जोडिएको छ। छोराको शवलाई भागीरथी गङ्गामा विसर्जन गर्न आएकी शेर्पिनीले पुत्रको मोक्षभन्दा पनि स्वभूमिमा अर्कोजन्म मागेको सन्दर्भले नारी सचेतनासँग जोडिएको मातृत्वको स्वरलाई सबल रूप दिएको छ। सधैँ शोषित र पीडित जीवन बाँच्न बाध्य महिलाको अवस्थालाई पनि यस काव्यले चित्रण गरेको छ। काव्यले विपन्न नारीको दुर्दान्त स्थितिलाई चिनाएको छ। फोहर पखाल्ने नदी गङ्गा र दुनियाँको जुठा भाँडा माझ्ने मानवीय गङ्गाको समीकरण गराएर कविले पर्यावरणीय नारीचेतनाको पक्षलाई समेटेका छन्।

वासुदेव त्रिपाठीको *राजकुमारी वासवदत्ता* पनि नारी चरित्रको केन्द्रमा रचिएको खण्डकाव्य हो। उदयनको प्रेममा परेकी वासवदत्तालाई पनि कविले परम्परागत भूमिकामा नै चित्रण गरेका छन्। प्रेमका निम्ति स्वनिर्णय गर्ने वासवदत्ताको चरित्र केही बलशाली चाहिँ देखिन्छ।

पाँचजना पुरुष लेखकका पाँचवटा महाकाव्य पाठ्यक्रममा समाविष्ट छन्। लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्य नारी पात्र शकुन्तलाको केन्द्रीयतामा रचिएको भए पनि पुरुषकै कारण उसको जीवन दुर्घटित हुन पुगेको छ। दुष्यन्त र शकुन्तलाको प्रेमसन्दर्भको मूल कथ्यमा रचिएको यस महाकाव्यमा गन्धर्व विवाह गरेर छोडिएकी शकुन्तलाको वियोगपूर्ण जीवनकथा चित्रित छ। ऋषिको श्रापले पत्नी बिर्सिएको दुष्यन्तको अवस्थाले पुरुष शासित समाजको अवस्था र महिलाप्रतिको चरम संवेदनाहीनतालाई सङ्केत गर्दछ। जीवनको उत्तरार्द्धमा कश्यप आश्रममा भएको भेट र उनीहरूको पुनर्मिलन सुखद पाटो रहे पनि जीवनका धेरैजसो समय परित्यक्ताको अवस्थामा रहेकी शकुन्तलाको चित्रणले छोरीप्रतिको सामाजिक असंवेदना र विभेदलाई नै चित्रण गरेको छ। बाल्यकालमा मातापिताद्वारा परित्यक्त तथा यौवनमा प्रेमी तथा पतिबाट परित्यक्त शकुन्तलालाई सहनशील र आदर्श नारी चरित्र देखाउनुबाट पितृसत्ताले अपेक्षा गरेको महिलाको मौन र अविद्रोही चरित्रलाई यस महाकाव्यले प्रश्रय दिएको छ। वीर शासक भरतलाई जन्म दिने शकुन्तला प्रकृतिको पर्याय मानिएकी छन्। उनको सौन्दर्य र धीरता आफ्नै जीवनलाई सबल बनाउनेभन्दा पनि पुरुषले उपयोग गरिने वस्तु बनेका छन्। निश्छल मानवीय गुणले भरिएकी उदात्त शकुन्तलाको चरित्रमाथि सत्ता, शक्ति अनि नागर सभ्यताले गरेको अन्तहीन शोषण मात्र देखिन्छ।

*शाकुन्तल* महाकाव्यमा तत्कालीन समयको विश्वयुद्ध र साम्राज्यवादी नीतिको विरोधी चेतना निर्माण भएको छ। विश्वामित्र ऋषिले हिंसाको पद त्यागेको सन्दर्भबाट युद्धजन्य विभीषिकाका विरुद्ध उपनिवेशवादलाई निषेध, न्यायिक समाजको परिकल्पना, युद्धजन्य विकृतिको अन्त्य, प्रजातान्त्रिक तथा मानवताको वातावरणको निर्माण, शान्ति र समताको चाहना प्रकट भएको सङ्केत हुन्छ। यति

हुँदाहुँदै पनि पौराणिक तथा सामाजिक सन्दर्भमा महिलामाथि हुने गरेका विभेद र दमनका घटना यथावत् छन् । महिलाप्रतिको समाजको असंवेदनाको चित्रणले मात्र होइन सहनशीलतालाई नै विजयको कारक बनाउने महिलाको नियतिको चित्रणले देवकोटाको यो महाकाव्यले अपेक्षित लैङ्गिक चेतनाको निर्माण गर्न सकेको छैन । नारी चरित्रलाई केन्द्रमा ल्याउनु, उसको सामाजिक अवस्थालाई चिनाउनु अनि महाकाव्यको मूल कथ्य नै महिलाका जीवनको विषयमा केन्द्रित हुनु लैङ्गिकताका दृष्टिले यसको सकारात्मक पक्ष चाहिँ हो ।

सोमनाथ सिग्द्यालको *आदर्श* राघव महाकाव्यले रघुकुलको आदर्शको चित्रण गर्ने क्रममा सीताप्रति भएको दमनलाई पनि आदर्शकै रूपमा चित्रण गरेको छ । मूलतः राम र सीताको घटनासन्दर्भ रहेको यस महाकाव्यले बाल्मीकि रामायण, कालिदासको रघुवंश महाकाव्य तथा श्रीमद्भागवत् महापुराणमा जोडिएका राम र सीताका आख्यान र उपख्यानलाई समेटेको छ । रामको आदर्श रूपको सर्वोपरि व्याख्या भइरहने यी कथाले रावणले सीतालाई गरेको हरण अनि रामद्वारा सीतालाई गरिएको परित्यागलाई पनि उत्तिकै गौरव र आदर्श बनाएर प्रस्तुत गरेको छ । पुरुषका हरेक भूमिका आदर्श रहने रामको चरित्रमा सीताचाहिँ सधैँ पुरुषको भोग्या र उनीहरूको चाहनाअनुसारको पात्रका रूपमा चित्रित भएको धार्मिक पौराणिक सन्दर्भजस्तै यस महाकाव्यले पनि त्यसैलाई अनुसरण गरेको छ । सीताको चरित्रलाई सहनशीलताकै कारण आदर्श मानिदिनु लैङ्गिक विभेदी दृष्टिकोण हो । लेखनाथ पौड्यालको *तरुणतपसी* र जगदीश शमशेरको *नरसिंह अवतार* दुवै महाकाव्यले पुरुषकेन्द्री विषयलाई चयन गरेका छन् । वीरता, त्याग, ज्ञान जस्ता विषय पुरुषकेन्द्रमा मात्र रहेको अर्थ यी महाकाव्यबाट मिल्दछ ।

बालकृष्ण समको *चिसो चुह्लो* महकाव्य सन्ते र गौरीको मौन प्रेमाख्यानका रूपमा रहेको छ । समाजमा रहेको जातीय विभेदको सिकार रहेको सन्तेप्रति उच्च वर्गीय गौरी आकर्षित भएर पनि यी दुईका बिचमा कुनै संवादसमेत हुन सकेको छैन । उच्च वर्गीय, कुलीन, भद्र आदि जस्ता पूर्वीय मान्यताका विपरीत यस महाकाव्यले साधारण गाउँले तथा निम्नवर्गको दलित जातको सन्ते दमाईंलाई नायक बनाई गौरी र सन्तेको प्रेम गहिरो रहेको चित्रण गरे पनि महिला अनि दलित पुरुष दुवै पात्र अत्यन्त दमित अवस्थामा चित्रित छन् । उनीहरूको अमुक प्रेमको मुख्य कारक तत्कालीन सामन्तवादी सामाजिक परिवेश हो । 'बोल्नु प्रेमको तन्तु छिन्नु हो' भन्ने सोच राखिएको प्रेमसन्दर्भले चेतना निर्माणप्रतिको कठोर दमनलाई देखाउँछ । बुढो रणवीरसँग विवाह गर्न नचाहेकी गौरीले रणवीरलाई राक्षसका रूपमा कल्पना गरेको सन्दर्भले उसमा वैयक्तिक स्वतन्त्रताप्रतिको चेतना रहेको बुझिन्छ तर आफूलाई राक्षसको आक्रमणमा परेकी देवी सम्झिनुबाट उसको निरीह रूपलाई कविले चित्रण गरेको पुष्टि हुन्छ । तत्कालीन कठोर सामाजिक परिवेशमा पनि अन्तर्जातीय प्रेमको चित्रणले यो महाकाव्य परिवर्तनकारी विषयतर्फ अगाडि बढेको देखिन्छ । गौरीको मृत्युपछि सन्तेलाई समाजका विरुद्ध क्रान्तिका लागि जागृत बनाइएकोबाट समाजपरिवर्तनको गहिरो अपेक्षा लेखकको चेतनामा रहेको छ । २००७ सालको प्रजातन्त्रप्राप्तिपूर्व र त्यसपछिका केही समयमा रहेको यस महाकाव्यको परिवेशबाट समाजमा परिवर्तनको चाहना स्पष्ट भएको छ । तत्कालीन नेपाली समाज र विशेषगरी काठमाडौँ उपत्यकाको समाजको जातीय दृष्टिकोण, छुवाछुतको भावना, अनमेल विवाह, बालविवाह आदि सन्दर्भ र त्यसका विरुद्ध चेतना निर्माण गर्ने चाहना लेखकमा देखिन्छ । बालविवाह, अनमेल विवाह, दरबारका सुसारेको जीवन आदिको चित्रणले समाजमा महिला दमन, शोषण र विभेदको चर्को रूपलाई यस महाकाव्यले देखाएको छ ।

## निष्कर्ष

स्नातकोत्तर तह मानविकी नेपाली विषयको पाठ्यक्रममा पुरुष स्रष्टाका रचना पटक पटक दोहोरिने तेहरिने स्थितिमा एकजनामात्र महिला स्रष्टा पारिजातका तीनवटा कथा राखिएको छ। पारिजात नेपाली साहित्यमा पुरुषसरहको चेतनामा आफैँ उठेकी स्रष्टा हुन्। उपन्यास, नाटक, कविताकाव्य सबै विधामा पुरुष लेखकका रचना मात्र छन्। आठजना पुरुष कथाकार, पाँचजना पुरुष उपन्यासकार, चारजना पुरुष नाटककार, सातजना पुरुष कवि, छजना पुरुष खण्डकाव्यकार र पाँचजना पुरुष महाकाव्यकारका रचना पाठ्यक्रममा रहेका छन्। तिनमा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटाका सिर्जना कविता, खण्डकाव्य र महाकाव्य तीनै विधाका रहेका छन्। त्यसैगरी बालकृष्ण समका पनि नाटक, कविता र महाकाव्य पाठ्यक्रममा राखिएका छन्। माधव घिमिरे र मोहन कोइरालाका कविता र खण्डकाव्य दोहोरिएका छन्। समका तीनवटा र विजय मल्लका दुईवटा नाटक राखिएका छन्। देवकोटा र घिमिरेका दुई दुई कविता छन्। पाठ्यक्रममा चयन भएका सिर्जनामा *माधवी, अनुराधा,* 'साल्गीको बलात्कृत आँसु', 'भुन्टीको भविष्य', *उर्वशी, राजेश्वरी* जस्ता केही सिर्जनाहरूले विषयगत पक्षबाट लैङ्गिक संवेदना र चेतनाका केही पक्ष निर्माण गरेका छन्। तर पनि वर्तमान समयको अपेक्षाअनुरूपको लैङ्गिक चेतनाको बलशाली सिर्जना यस पाठ्यक्रममा समावेश भएका छैनन्।

स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा वरिष्ठ र स्थापित लेखकका सिर्जनाको चयन भएको छ तर जसरी राजनीतिमा महिला प्रतिनिधित्वको प्रश्न उठ्छ त्यसैगरी पाठ्यक्रममा पनि सामाजिक राजनीतिक जीवनको प्रतिबिम्बन हुनुपर्छ। लैङ्गिक रूपमा संवेदनशील पाठ्यक्रममा लेखकको प्रतिनिधित्व हेरिन्छ। पुरुष लेखकका रचनामात्र सबल छन् भन्ने नाउँमा महिला लेखकका रचनाप्रति बेवास्ता गर्ने हो भने अमेरिकी विश्वविद्यालयमा जस्तो नेपालमा पनि महिलाको सिर्जना चयनमा विद्रोह गर्नुपर्ने स्थिति नआउला भन्न सकिन्न। पुरुष लेखकका पनि लैङ्गिक चेतनाले विशिष्ट मानिएका सिर्जना नेपाली साहित्यमा प्रशस्त प्रकाशित भइसकेको सन्दर्भमा रचना चयनमा लैङ्गिक संवेदनशीलताको पाटोमा पाठ्यक्रम निर्माताहरू चुकेको देखिन्छ। नेपाली साहित्यमा महिला लेखनको इतिहास झन्डै दुई सय वर्ष पुग्दा पनि तिनका सिर्जनालाई स्नातकोत्तर तहको पाठ्यक्रममा समेट्न नसक्नु विडम्बना नै हो। त्यसमाथि पुरुष स्रष्टाका लैङ्गिक चेतनामा सकारात्मक बहस गरेका रचना छान्न नसक्नु पाठ्यक्रमको अर्को आलोच्य पक्ष रहेको छ। महिलाको परम्परागत भूमिका र पितृसत्ताले राखेको भोगवादी दृष्टिकोणलाई नै प्रश्रय दिने खालका रचनाले विद्यार्थीमा लैङ्गिक चेतनाको विकास गराउन सक्दैन।

पाठ्यक्रममा पाठ्यवस्तुको चयन विषयवस्तुका साथै शैक्षणिक प्रयोजनका लागि हुन्छ। यस दृष्टिले प्रस्तुत पाठ्यक्रममा विषयवस्तुको विविधता छ र तिनलाई आलोचनात्मक चेतनाका साथ शिक्षण गर्न सकिने आधार पनि छ। यति हुँदाहुँदै पनि शिक्षण सिकाइको एउटा महत्त्वपूर्ण पक्ष समावेशिता र सांस्कृतिक सन्तुलन हो। सांस्कृतिक सन्तुलनका दृष्टिले स्नातकोत्तर तहका विधागत पाठ्यवस्तुहरूको शिक्षण उपादेयता, शिक्षण सिकाइ र भूमिका निर्वाहका लागि त्यति सबल देखापर्दैन। यस पाठ्यक्रमको दुर्बलता भनेकै स्नातकोत्तर तहमा चाहिने लैङ्गिक सबलता तथा आलोचनात्मक सोचको विकास गर्न नसक्नु नै हो। यति भएर पनि विधागत शिक्षण सिकाइ तथा साहित्यको आस्वादनका दृष्टिले पाठको शिक्षण उपादेयता सबल नै मान्नुपर्छ।

पाठ्यक्रम समाज र राजनीतिको प्रतिबिम्ब हो । जसरी राजनीतिमा महिला सहभागिताको प्रश्न समावेशी सन्दर्भबाट उठाइन्छ त्यसरी नै पाठ्यक्रममा पनि समावेशी प्रतिनिधित्व आवश्यक छ । विकसित देशहरूमा उच्च शिक्षाको पाठ्यक्रममा महिलाको समावेश नारी जागरण र लैङ्गिक आन्दोलनको कारण भएको हो । नेपालमा राजनीतिक आन्दोलनले गणतन्त्र स्थापना गरेको भए पनि उच्च शिक्षा र त्यसको पाठ्यक्रममा गणतन्त्र र सामाजिक न्याय स्थापित हुन नसक्नु दुःखद् पक्ष हो । बौद्धिकहरूको केन्द्रका रूपमा रहेको विश्वविद्यालयको वर्तमान पाठ्यक्रममा सुधार गर्ने हो भने पाठ्यक्रम निर्माणमा महिला सहभगिता र पाठ्यक्रममा लैङ्गिक प्रतिनिधित्व हुनु आवश्यक छ ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौथो संस्क.), काठमाडौ : अक्षर क्रियसन्स ।

कस्तवार, रेखा (सन् २०१६), *स्त्री चिन्तन की चुनौतियाँ* (दोस्रो संस्क.), नई दिल्ली : राजकमल प्रकाशन ।

कात्यायनी र सत्यम्, (सन् २००९), 'उन्नीसवीं शताब्दीमें स्त्री-प्रश्न औ जान स्टुअर्ट मिल', सम्पादकीय प्रस्तावना, *स्त्रीयों की पराधीनता,* (लेखक : जान स्टुअर्ट मिल, अनु. प्रगति सक्सेना) (दोस्रो संस्क.), नयाँ दिल्ली : राजकमल प्रकाशन, पृ. ९-३० ।

के.पी., प्रमिला (सन् २०१५), *स्त्री अध्ययन की बुनियाद,* नई दिल्ली : राजकमल प्रकाशन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.) ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), *सान्दर्भिक समालोचना* (दोस्रो संस्क.), काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

त्रिपाठी, सुधा (सन् २०१२), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौ : भृकुटी एकेडमिक पब्लिकेसन ।

थापा, अर्चना (सम्पा.) (२०७७), *स्मृतिकथामा सत्त्व,* काठमाडौँ : अक्षर क्रियसन्स ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), (पृपृ २५९-२७३), काठमाडौ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मानविकी तथा सामाजिकशास्त्र सङ्काय (२०७०, परिमार्जित २०७३), *सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम,* काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली नाट्य समालोचना,* काठमाडौँ : पैरवी प्रकाशन ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६८), *नेपाली कथा भाग ४* (पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

Barkar, C. (2000). *Cultural Studies.* SAGE.

Glover, D. & Kaplan, C. (2007). *Genders.* Routledge.

Hopper, G. (2015). *Art, Education and Gender. The shaping of Female Ambition.* Palgrave Macmillon.

Hooks, B. ( 2003). Teaching Community: A Pedagogy of Hope. Routledge.

Webb, S. (2004). 'Gender, Identity and Social Change: Understanding Adults' Learner Careers.' *The Politics of Gender and Education Critical Perspectives* (Ed. Uki Ali, Shereen Benjamin and Melanie Mauthner). Palgrave Macmillon.

Tolan, F. (2006). Feminisms: Literary theory and criticism (Ed. Patrica Waugh). Oxford University Press.